लेखापरीक्षण प्रतिवेदन

गौमुखी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गौमुखी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/351

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
गौमुखी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/351

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

गौमुखी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु. १ अर्ब २६ करोड ६१ लाख ३२ हजारको लेखापरीक्षणबाट रु. १ करोड ७१ लाख ४८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ४७ लाख ६३ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ५ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ३ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ८७ लाख ५० हजार र पेश्की बाँकी रु. २७ लाख गरी जम्मा रु.१ करोड २३ लाख ८५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ८ करोड ९० लाख ९१ हजार मध्ये रु. १ करोड ८१ लाख २६ हजार फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. ८ करोड ३३ लाख ५० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गौमुखी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४४	३५	१,७१,४७,५०४	०	२०	४७,६२,६५८	०	४४	१५	१,२३,८४,८४६	५,७३,७०७	८७,५०,४३७	३,६०,७०२	०	०	९१,११,१३९	२७,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान	८,९०,९१,०००	०	१,८१,२५,८०४	७,०९,६५,१९६	०	१,२३,८४,८४६	८,३३,५०,०४२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	४१	सामाजिक सुरक्षा भत्ता फिर्ता	७७,७०७
२	२०८१/८२	४०	पारिश्रमिक कर	१४,३३०
३	२०८१/८२	३३	जेष्ठ नागरिक सम्मान कार्यक्रम	४,२०,०००
४	२०८१/८२	४३.१	उपभोक्ता समितितर्फ थप बेहोरा	११,६७०
५	२०८१/८२	४८.१,४८.६	१५ शैय्या अस्पताल निर्माण	४२,३८,९५१
			जम्मा	**४७,६२,६५८**
गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण				

६	२०८०/८१	५१	शिक्षकको तलव भत्ता अनुदान	१,७९,०५,०००
७	२०८०/८१	६३.१	उपभोक्ता समितिको काम	११,८४७
८	२०८०/८१	३६	आय ठेक्कामा मूल्य अभिवृद्धि कर	८६,८४०
९	२०८०/८१	६६.२	अस्पताल निर्माण कार्य	१,२२,११७
			जम्मा	**१,८१,२५,८०४**
जम्मा				**२,२८,८८,४६२**

गौमुखी गाउँपालिका, प्युठान

(८०५५५५०२३००)

गौमुखी गाउँपालिका , प्यूठान

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- वि.स. २०७३ फाल्गुन २७ गते गाउँपालिका घोषणा भएको यस गौमुखी गाउँपालिकाले प्युठान जिल्लाको उत्तर–पूर्वी भागमा १३९.०४ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । अर्खा, रजवरा, पूजा, खुंग, लिवाङ र नारिकोट गा.वि.स. समेटेर बनेको यस गाउँपालिकाको जनसंख्या २५,४२१ रहेको छ । यस गाउँपालिकाको उत्तरमा बाग्लुङ, पश्चिमतिर नौबहिनी गाउँपालिका, दक्षिणमा झिमरुक गाउँपालिका र पूर्वमा गुल्मी जिल्ला रहेका छन् । यस गाउँपालिकामा गौमुखी गुफा, झाँक्रिढुङ्गा, दियाल्नाचौर, बाइसमुल झरना, तामाखानी, इश्नादेवी जस्ता धार्मिक, प्राकृतिक तथा पर्यटकीय स्थल रहेका छन् । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१७ देखि २०८२।५।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आयतर्फ रु. ६३ करोड ३२ लाख ९० हजार र व्ययतर्फ रु.६३ करोड २८ लाख ४२

हजार गरी रु.१ अर्ब २६ करोड ६१ लाख ३२ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८३३५० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सुत्रको आम्दानी रसिद नं ४१७ बाट मिति २०८२।५।३० मा उ.स.लाई बढी भुक्तानी रकम असुल	४००००
२	अनुगमन भत्ता बढी भुक्तानी	१२७५०
३	बैठक बढी भुक्तानी	३०६००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी, धरौटी, कार्य सञ्चालन कोष, अन्तर सरकारी अख्तियारी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र अवस्था निम्नबमोजिम रहेको छः

सि नं	आय विवरण	रकम	रकम	व्यय विवरण	रकम	रकम
१	गतवर्षको जिम्मेवारी		२०३०७९४८.०४	चालु खर्च		३१८२१४५४७.३
	क)संचित कोष खाता	८१८४४५७.५६		१.पालिका तर्फ	१२७८१८७६२.८८	
	ख)मर्मत संभार कोष	७१४५९		२.संघीय शसर्त	१९०३९५७८४.४६	
	ग)महिला तथा वालवालिका कोष	२९२०००		३.संघीय विशेष		
	घ)आकस्मिक कोष	१११७६१३		४.प्रदेश शसर्त		
	ङ)विभाज्य कोष खाता	३७८१७५		५.प्रदेश विशेष		
	च)प्रकोप व्यवस्थापन कोष	४९८४८२				
	छ)कोरोना रोकथाम कोष			पुँजिगत खर्च		९७०३८५९३
	ज)आन्तरिक राजश्व खाता			१.पालिका तर्फ	६५८१९६९४	
	झ)विविध कोष खाता	६९९४८९.४८		२.संघीय शसर्त	१६०३२९०१	
	ञ)धरौटी खाता	९०६६२७२		३.संघीय विशेष	३०९०६६२	
				४.संघीय समपूरक		
२	राजश्व		१०८७११४१५.०४	५.प्रदेश शसर्त	६५१४३९२	
	क)आन्तरिक राजश्व	८३९९८४३.८४		६.प्रदेश विशेष		
	ख)विभाज्य कोष खाता	४४४५९९		७.प्रदेश समपूरक	५५८०९४४	
	ग)राजश्व बाँडफाँडबाट प्राप्त	९९८६६९७२.२				
	घ)जिल्ला समन्वय समितिबाट प्राप्त			अन्तर सरकारी अख्तियारी		१९४९९४०२०
				क)सामाजिक सुरक्षा तथा संरक्षण	११४१३०७००	
३	संघीयसरकाबाट प्राप्त वित्तिय हस्तान्तरण		२९५४९८४६७.८२	ख)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास	१८००००००	
	क)संघिय समानिकरण अनुदान	८५९७९१२०		ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु	५७००००	
	ख)सघिय सशर्त अनुदान	२०६४२८६८५.८२		घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पूजिगत	२८६५३२०	
	ग)संघीय विषेश अनुदान	३०९०६६२		ङ)एकिकृत स्वास्थ्य पूर्वाधार विकास	५९२७२०००	
	घ)संघीय समपुरक अनुदान			च)विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	१५६०००	
४	प्रदेशसरकाबाट प्राप्त वित्तिय हस्तान्तरण		२५६१७२१०.६२	४.धरौटी तथा कोषको खर्च		३६३८३१७
	क)प्रदेश समानिकरण अनुदान	६११५०००		विविध	२३६५०००	
	ख)प्रदेश सशर्त अनुदान	७००००००		धरौटीफिर्ता तथा सदरस्याहा	१२७३३१७	
	ग)प्रदेश समपुरक अनुदान	५५८०९४४				
	घ)प्रदेश विषेश अनुदान	१३२००००		५. अनुदान फिर्ता		१८९५६५४२.५४
	ङ)राजश्व बाँडफाँडबाट प्राप्त	५६०१२६६.६२		१.संघ तर्फ	१७२३८५०९.५४	
				क)शसर्त		
५	विभिन्नकोष तथा धरौटीतर्फ		८४६८९४०	ख)विशेष		
	क)मर्मत संभार कोष			ग)समपूरक		
	ख)महिला तथा वालवालिका कोष			२.प्रदेश तर्फ		
	ग)आकस्मिक कोष			क)शसर्त	१७१८०३३	
	घ)प्रकोप व्यवस्थापन कोष			ख)विशेष		
	ङ)कोरोना रोकथाम कोष			ग)समपूरक		
	च)कर्मचारी कल्याण कोष					
	छ)विविध कोष खाता	२३६५०००		६.अन्तिम मौज्दात		२०७५५९८१.६४
	ज)धरौटी	६१०३९४०		क)संचित कोष खाता	६७२३८५५.६४	
				ख)मर्मत संभार कोष		
६	अन्तरसरकारी अख्तियारी		१९४९९४०२०	ग)महिला तथा वालवालिका कोष		

	क)सामाजिक सुरक्षा तथा संरक्षण	११४१३०७००		घ)आकस्मिक कोष		
	ख)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास	१८००००००		ङ)विभाज्य कोष खाता		
	ग)एकिकृत स्वास्थ्य पूर्वाधार विकास	५७००००		च)प्रकोप व्यवस्थापन कोष		
	घ)स्वास्थ्य क्षेत्र सुधार कारुयक्रम पूजिगत	२८६५३२०		छ)कोरोना रोकथाम कोष		
	ङ)एकिकृत स्वास्थ्य पूर्वाधार विकास	५९२७२०००		ज)आन्तरिक राजश्व खाता		
	च)विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	१५६०००		झ)विविध कोष खाता		
				ञ)धरौटी खाता	१४०३२१२६	
	जम्मा		६५३५९८००१.५२	जम्मा		६५३५९८००१.५२

पालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको जिम्मेवारी रु.१,२४,६८,५५९.८२ रहेको देखिन्छ। सोहीअनुसार यस वर्षको म.ले.प. फारम नं. २७० मा रु.१,२४,६८,५५९.८२ जिम्मेवारी सारेको देखिन्छ। त्यस्तै गरी, पालिकाको वित्तीय प्रतिवेदन म ले प फा नं २७० अनुसार गत वर्षको मौज्दात रु.१,२४,६८,५५९.८२ र आर्थिक वर्षको अन्तिम मौज्दात रु.२,०७,५५,९८१.६४ रहेकोमा उल्लिखित एकिकृत आय व्यय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.२,०३,०७,९४८.०४ र आर्थिक वर्षको अन्तिम मौज्दात रु.२,०७,५५,९८१.६४ उल्लेख भएकोले दुई प्रतिवेदन बीचको गत वर्षको मौज्दात फरक पर्नाको कारण पत्तालागाई हिसाब मिलान गरी सुत्र प्रणालीमा हिसाब अद्यावधिक राख्नुपर्दछ। संघीय सशर्त तर्फ रु.२२६६६८०८५ निकासामा रु.२०९५१९३४७।८२ खर्च भएकोमा एकीकृत विवरणमा रु.२०९५१९३४७।८२ निकासा तथा खर्च र रु.१७२३८५०९।५४ फिर्ता गरेको उल्लेख भएकोले एकीकृत आर्थिक विवरण यथार्थपरक देखिएन।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बैङ्क मौज्दात विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन र निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
नेपाल एस बि आई बैंक लि.	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	७६६८१९५.४४
नेपाल एस बि आई बैंक लि.	ग २.२, चालू खर्च खाता- जोर वर्ष	०.००	१२७७५७६.४७
नेपाल एस बि आई बैंक लि.	ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	१८५४१५५.००
नेपाल एस बि आई बैंक लि.	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६७२३८५५.६४	२८५६१९०.१७
जम्मा		६७२३८५५.६४	१३६५६११७.०८

उल्लिखित विवरण अनुसार पालिकाको म.ले.प.फा.नं. २७० ले देखाएको स्रेस्ता अनुसारको वाँकी रु.६७२३८५५.६४ रहेकोमा असार मसान्तको बैंक वाँकी रु.१३६५६११७.०८ रही रु.६९,३२,२६१.४४ स्रेस्तामा भन्दा बैकमा बढी मौज्दात देखिन्छ। कार्यालयले लेखास्रेस्ताको अद्यावधिक प्रविष्टी नगरेको र बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ।

४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त, समपूरक र

विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्ष भित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकालाई यस वर्ष संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम मध्ये खर्च नभई बाँकी बजेट र फिर्ताको स्थिति देहाय बमोजिम छः

विवरण	संघीय सरकारबाट निकासा	खर्च	बाँकी	फिर्ता	फिर्ता गर्न बाँकी
सशर्त अनुदान चालु	२००८८२०००	१९०३९५७८४.८२	१०४८६२१५.१८	१०५७५९८७.५४	(८९७७२)
सशर्त अनुदान पुँजीगत	२२६०००००	१६०३२९०१	६५६७०९९	६६६२५२२	(९५४२३)
विषेश अनुदान	३१८६०८५	३०९०६६२	९५४२३	०	९५४२३
जम्मा	२२६६६८०८५	२०९५१९३४७.८२	१७१४८७३७.१८	१७२३८५०९.५४	(८९७७२)
विवरण	प्रदेश सरकारबाट प्राप्त	खर्च	बाँकी	फिर्ता	फिर्ता गर्न बाँकी
सशर्त अनुदान पुँजीगत	७००००००	५२४८३२८	१७५१६७२	१७१८०३३	३३६३९
विषेश अनुदान	१३२००००	१३२१६९८	(१६९८)	०	(१६९८)
समपुरक अनुदान पुँजीगत	५५८०९४४	५५८०९४४	०	०	०
जम्मा	१३९००९४४	१२१५०९७०	१७४९९७४	१७१८०३३	३१९४१

पालिकाले संघीय सरकारबाट प्राप्त सशर्त तथा विशेष अनुदान रु.२२६६६८०८५ मध्ये रु.२०९५१९३४७।८२ खर्च भई रु.१७१४८७३७।१८ बाँकी रहेकोमा रु.१७२३८५०९।५४ फिर्ता गरेको देखियो। पालिकाले रु.८९७७२ बढी फिर्ता गरेको देखिन्छ। त्यस्तै गरी, प्रदेशतर्फ सशर्त, विशेष र समपुरक अनुदानतर्फ जम्मा रु.१,३९,००,९४४ प्राप्त भएकोमा रु.१,२१,५०,९७० खर्च भई रु.१७,४९,९७४ बाँकी रहेकोमा रु.17,१८,०३३ प्रदेश सञ्चित कोषमा फिर्ता भई रु.३१,९४१ फिर्ता गर्न बाँकी रहेको देखिन्छ। सो मध्ये पालिकाले मिति २०८२।६।३० मा अनुदान फिर्ताबापत रु.८७,५७५ प्रदेश सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गरेको छ। प्रदेश सञ्चित कोषमा रु.५५,६३४ बढी फिर्ता हुने देखिन्छ। संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा बढी निकासा फिर्ता देखिएको सम्बन्धमा पालिका थप यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ भने नेपाल सरकारबाट प्राप्त अन्तर सरकारी अख्तियारी बमोजिमको लेखा नेपाल सरकारको विद्युतीय लेखा प्रणाली CGAS मा राख्ने गरेको छ। दुई प्रणालीमा लेखा राख्ने गरिएको तर एकिकृत वित्तीय विवरण तयार गर्ने नगरेकोले वित्तीय विवरणले सबै कारोवार समेटेको देखिएन। यस वर्ष पालिकाको आय व्यय विवरणमा नेपाल सरकारको अन्तर अख्तियारी तर्फको देहाय बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका बजेट उपशीर्षकको रु.१९४९९४०२० को आर्थिक कारोवार पालिकाको आय व्यय विवरणमा समेटिएको छैन। पालिकाको सबै प्रकृतिका कारोवार समेट्ने गरी एकीकृत वित्तीय विवरण तयार गर्नु पर्ने देखिन्छ।

क्र.सं.	ब.उ.सि.नं.	विवरण	वार्षिक बजेट	निकासा/खर्च
१.	३१४०१०१२३	सामाजिक सुरक्षा	११४७५४६८०.००	११४१३०७००.००
२.	३४७०२१०७४	प्रशासकिय भवन निर्माण	१८००००००.००	१८००००००.००
३.	३५००११०१३	विद्यालय शिक्षा क्षेत्र योजना	१७८३०००.००	१५६०००.००
४.	३७०००११६४	एकिकृत स्वास्थ्य पूर्वाधार	५९२७२०००.००	५९२७२०००.००
५.	३७०००११४४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७५८६०००.००	२८६५३२०.००
६.	३७०००११४३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५७००००.००	५७००००.००
		जम्मा	**२०१९६५६८०.००**	**१९४९९४०२०.००**

६ आन्तरिक कोष तथा धरौटी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष, अवकाश कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ। पालिकामा रहेका कोष तथा धरौटीको आम्दानी तथा खर्चको विवरण देहाय बमोजिम छः

विवरण	गत वर्षको बचत	यस वर्ष प्राप्त	खर्च	बाँकी
स्रेस्ता अनुसार				
मर्मत संभार कोष	७१४५९.००	०	७१४५९.००	०
महिला तथा बाल बालिका कोष	२९२०००.००	०	२९२०००.००	०
प्रकोप व्यवस्थापन कोष	४९८४२८.००	०	४९८४२८.००	०
विविध कोष/ विविध खर्च खाता	६९९४८९.४८	३४१६४९९.८३	४११५९८९.३१	००
धरौटी खाता	९०६६२७२.००	५८२४१९९.००	१२७३३१७.००	१३६१७१५४.००
वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार				
विविध कोष/ विविध खर्च खाता	४०२७०.००	२३६५०००	२४०५२७०	०
धरौटी खाता	९०६६२७२	६२३९१७१	१२७३३१७	१४०३२१२६
प्रकोप व्यवस्थापन कोष	३८१६१३	४९८४२८	८८००४१	०

उल्लिखित विवरण सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छनः

(क) मर्मत संभार कोष,महिला बालबालिका कोष तथा प्रकोप व्यवस्थापन कोषमा बैंकमा गत वर्षको रकम मौज्दात रहेको र पालिकाले उक्त रकम पत्रबाट संचित कोषमा ट्रान्सफर गरेकोमा सुत्र प्रणालीमा सो प्रविष्टि नगरेकोले वित्तीय विवरणमा उक्त कारोवार देखिएको छैन।

(ख) विविध खर्च खाताको बैंक स्टेटमेन्ट अनुसार गत वर्षको रु.६९९४८९.४९ मौज्दात रहेको र यस वर्ष विभिन्न स्रोतबाट रु.३४१६४९९.८३ प्राप्त भएकोमा रु.१४१३०६९.५२ खर्च भएको र बाँकी रु.२०,०३,४३०.३१ सञ्चित कोषमा ट्रान्स्फर गरेकोमा सुत्र प्रणाली अनुसार गत वर्षको मौज्दात रु.४०,२७०, यस वर्ष प्राप्त रु.२३६५००० र खर्च रु.२४०५२७० रहेको छ।कार्यालयले सुत्र प्रणालीमा आम्दानी तथा खर्चका कारोवारको प्रविष्टि नगरेकोले सुत्र प्रणालीको प्रतिवेदन यथार्थपरक रहेको देखिएन।कार्यालयले सम्पूर्ण आर्थिक कारोवारको लेखा सुत्र प्रणालीमा प्रविष्टी गर्नु पर्दछ।

(ग) पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोषको मौज्दात रु.४,९८,४२८.००,मर्मत संभार कोषको मौज्दात रु.७१,४५९.०० महिला तथा बालबालिका कोषको मौज्दात रकम रु.२,९२,०००.०० र विविध खाताको मौज्दात रकम रु.२०,०३,४३०.३१ समेत रु.२८,६५,३१७३१ सञ्चित कोषमा ट्रान्सफर गरेकोमा सोको कारण उल्लेख गरेको देखिएन। विभिन्न कोषमा रहेको रकम सञ्चित कोष

दाखिला गर्दा सोको कारण खुलाउनु पर्दछ।

७ **बजेट पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.४६ करोड ६३ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको अवस्था**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छः

क्र सं	क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत कुल खर्चको तुलनामा
१	आर्थिक विकास	२००४२०००	१६२२६३५३	३.८६
२	सामाजिक विकास	२६५३१५४१०	२४५५७६९२३	५८.३२
३	पूर्वाधार विकास	८१९२२०००	७०४६२७५१	१६.७४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३९८२०००	१२९९८२०४	३.०८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८५८००५९०	७५८२६९८२	१८.००
	जम्मा	४६७०६२०००	४२१०९१२१३	१००.००

उल्लिखित विवरण अनुसार कुल खर्चको ५८.३२ प्रतिशत सामाजिक विकासमा, १६.७४ प्रतिशत पूर्वाधार विकासमाा, १८.०० प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यको लागि खर्च भएको देखिन्छ भने आर्थिक विकासमा ३.८६ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ३.०८ प्रतिशत खर्च भएको देखिन्छ।

९ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयको पुँजीगत खर्चको त्रैमासिक खर्चको विवरण देहाय बमोजिम छः

क्र.स	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रकम रु. हजारमा)				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	पूँजिगत खर्चतर्फ	१०२७३४	०	१६५५९	२४२८५	६१८८९	४६५२३
२	प्रतिशत	१००	०	१६.११	२३.६३	६०.२४	४५.२८

उल्लिखित विवरण अनुसार कार्यालयले पुँजिगत तर्फ प्रथम त्रैमासिकमा शुन्य, दोस्रो त्रैमासिकमा१६.११ प्रतिशत, तेस्रो त्रैमासिकमा २३.६३ तथा चौथो त्रैमासिकमा ६०.२४ प्रतिशत खर्च गरेको देखिन्छ भने आषाढ महिनामा मात्र ४५.२८ प्रतिशत खर्च गरेको छ । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने र अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नु पर्दछ।

१० **वार्षिक लक्ष्य तथा प्रगति**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयले यस बर्ष पुँजिगत तर्फ रु.१२ करोड १५ लाख ३६ हजार वजेट विनियोजन गरेकोमा रु.१० करोड२७ लाख ३४ हजार (वजेटको तुलनामा ८४.८२ प्रतिशत) खर्च गरेको छ । वजेट विनियोजन अनुसार खर्च प्रगति देहाय बमोजिम रहेको छः

विवरण	वजेट	खर्च	खर्च प्रतिशत
पूंजीगत			
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	६४०५००००	५५८९०७८७	८७.२६
३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	३८८५०००	३५५३८१६	९१.४८
३११२२ मेशिनरी तथा औजार	८००००	८००००	१००
३११२३ फर्निचर तथा फिक्चर्स	१८८००००	१३७८०७२	७३.३
३११३१ पशुधन तथा बागवानी विकास खर्च	३००००००	१४२५४११	४७.५१
३११५१ सडक तथा पूल निर्माण	२२८५००००	१८८३४०६१	८२.४२
३११५५ सिंचाई संरचना निर्माण	७०००००	६७८५६६	९६.९४
३११५६ खानेपानी संरचना निर्माण	९९९१०००	७९९८४९७	८०.०६
३११५७ वन तथा वातावरण संरक्षण	३०००००	३०००००	१००
३११५९ अन्य सार्वजनिक निर्माण	१४८०००००	१२५३९२२९	८४.७२
जम्मा	१२१५३६०००	१०२६७८४३९	८४.५२

११ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न कार्यक्रम सञ्चालनको लागि कार्यक्रमको विवरण खोली बजेट पेश गरेकोमा पुनः कार्यक्रम खर्च भनी विवरण नखुलाई खर्च शीर्षक २२५२२ को संकेत नं.६५५.२१.१.८६ मा रु.१४ लाख ६५५.२१.१.१७ मा २ लाख र ७ वडामा रु.५० हजारका दरले अवण्डा बजेट राखी खर्च गरेको देखियो। अवण्डा बजेट राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

१२ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ को उपदफा २(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(२) अनुसार चालु वर्षको विनियोजित बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्न नहुने तथा नियम ३९(१५) अनुसार तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम लगायतका दायित्व बाहेकका रकम भुक्तानी गर्न नमिल्ने व्यवस्था छ। पालिकाले गत वर्षको रु.६२,०७,८३०.०० दायित्व भुक्तानी गरेकोमा दायित्व सिर्जना गर्न नमिल्ने प्रकृतिका खर्च समेत दायित्व सिर्जना गरी भुक्तानी दिएकोले अनियमित देखिएको रु

खर्चको प्रकृति	भुक्तानी पाउनेको नाम	रकम
ईन्धन	जीवनदान सप्लायर्स	५२६३६५.००
मोटर साइकल मर्मत	मदन मोटरसाईकल मर्मत	४११४५३.००
मर्मत	होप टेक्नोलोजी सोलुसन	१५२८९५.००
मसलन्द	हाइनिक्स ब्रदर्श	१७४५०.००
मसलन्द	ए टु जेड सप्लायर्स	५८६३००.००
मसलन्द	डिला अडर एण्ड सप्लायर्स	९८५३६.००
मसलन्द	हाइनिक्स कम्प्युटिङ्ग सिस्टम	३८८००.००
मसलन्द	सुयोग्य ट्रेड लिङ्क	७८३३०.००
मर्मत	न्यू गौमुखी मोटरसाइकल ज्यारेज	१०९००.००
मर्मत	ग्यालेक्सी ईन्टरनेसनल	१४४०००.००
	जम्मा	**२०७५०२९.००**

अनियमित भएको	२०,७५,०२९

१३ **दरबन्दी तथा पदपूर्तिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २५ पदपूर्ती भई १८ रिक्त देखिन्छ। । कार्यालयको आवश्यकताको आधारमा दरवन्दी तथा पदपूर्ति व्यवस्थापन हुनुपर्दछ।

१४ **तलवी प्रतिवेदनः**

लुम्बिनी प्रदेश सरकारबाट जारी भएको स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ७०(४)मा स्थानीय सेवाका कर्मचारीको प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइबाट तलबी प्रतिवेदन पारीत नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने व्यहोरा उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिका चालुतर्फ १९ कर्मचारीको रु.१ करोड २९ लाख ६२ हजार र स्वास्थ्य तर्फ ३२ जनाको रु.२ करोड ५३ लाख ५६ हजार र संघीयतर्फ ४ जनाको २८ लाख ०२ हजार गरी जम्मा रु.४ करोड ११ लाख २० हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१५ **करार कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता वापत यस वर्ष रु.२ करोड ५३ लाख ५६ हजार खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक अ.न.मी.६, अहेव ७, ईन्जीनियर१, असिस्टेन्ट, सव इन्जिनियर१, समेत १५ जना करार कर्मचारीको विगत वर्षदेखि म्याद थप गरी यस वर्ष तलब भत्ता बापत रु.४१ लाख ५२ हजार ७४४ भुक्तानी गरेको छ। दरवन्दी रिक्त रहेकोले करारमा भर्ना गरिएको पालिकाले जनाएको छ ।

साथै दरबन्दी बाहेकको ५ जना (मेडिकल अधिकृत ल्याव टेक्निसियन कानुन अधिकृत, अमिन र प्रेस सल्लाहकार) करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा रु.१६ लाख ८ हजार ५७२ खर्च गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. १६०८५७३।००

अनियमित भएको	१६,०८,५७३

१६ **प्रशासनिक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। कार्यालयको प्रशासनिक खर्च मितव्ययी हुनु पर्दछ।पालिकाले प्रशासनिक खर्चको छुट्टै लेखा नराखेकोले वर्षगत रुपमा विश्लेषण हुन सकेन। प्रशासनिक खर्च अन्तर्गतका केही खर्च शिर्षकको गत वर्ष र यस वर्पको खर्चको तुलनात्मक अवस्था देहाय बमोजिम छः

सि.नं.	**खर्च शीर्षक विवरण**	**खर्च शीर्षक नं**	**२०८१/८२को खर्च**	**२०८०/८१को खर्च**	बृद्धि प्रतिशत
१.	पानी तथा बिजुली	२२१११	४०००००	३३०७१०	२०.९५
२.	इन्धन कार्यालय प्रयोजन(जेसिबि बाहेक)	२२२१२	३१९९५९२	२९६४५३७	७.९२
३.	सवारी साधन मर्मत	२२२१३	३००००००	२८१०१२१	६.७५
४.	मसलन्द सामाग्री	२२३११	३०३८२३७	४३८७२७४	(३०.७४)
५.	पत्रपत्रिका,छपाई तथा सूचना	२२३१५	५०००००	३९७४०१	२५.८१
६.	अनुगमन तथा मूल्याङ्कन खर्च	२६६११	२४७२०००	१९९९९४८	२३.६
७.	भ्रमण खर्च	२२६१२	१७४१९६४	११७६७८२	४८.०२
८.	विविध खर्च	२२७११	४६९०८८४	१९९४१७५	१३५.२२
१०.	अन्य संस्था सहायता	२२५२९	५७३२७६	५९६२३९	(३.८५)

प्रशासनिक खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

बजेट विनियोजनको आधार - पालिकाले वार्षिक बजेट तयार गर्दा कार्यालयको आवश्यकताको आधारमा मितव्ययी तरीकाले खर्च गर्नु पर्दे इन्धन, कार्यालय सञ्चालनको लागि आवश्यक मसलन्द, छपाई, विविध लगायतमा बजेट विनियोजन गर्दा सोको स्पष्ट आधार खुलाएको देखिएन। बजेट विनियोजन गर्दा सोको आधार समेत खुलाउनु पर्दछ।

खर्चमा वृद्धि - गत वर्षको तुलनामा पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशनमा २५.८१ प्रतिशत, पानी तथा बिजुली महसुलमा २०.९५ प्रतिशत, ईन्धन कार्यालय प्रयोजनमा ७.९२ प्रतिशत, सवारी मर्मतमा ६.७५ प्रतिशत, विविध खर्चमा १३५.२२ प्रतिशत वृद्धि भएको छ भने मसलन्द सामाग्रीमा ३०.७४ प्रतिशत र अन्य संस्था सहायता ३.८५ प्रतिशतले खर्च घटेको देखिन्छ। बजेट खर्च शीर्षकहरुमा भएको वृद्धि र कमीको कारण यकीन गर्नुपर्दछ।

भ्रमण खर्च- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख भएको छ। कार्यलयले यस वर्ष अनुगमन मूल्याङ्कनमा रु.२४७२००० र भ्रमण खर्चमा रु.१७४१९६४ भुक्तानी गरेकोमा यस्तो खर्चको उपलव्धिको मूल्याङ्कन गरेको छैन। भ्रमण खर्च र सोबाट भएको उपलब्धीको समेत मुल्याङ्कन गर्नु पर्दछ।

इन्धन खर्च- पालिकाले यस वर्ष रु.३१,९९,५९२.००(लोडर बाहेक) को ईन्धन खर्च लेखेकोमा इन्धन खर्च नेपाल सरकारको विद्युतीय जिन्सी प्रणाली PAMS मा प्रविष्टि गरेको देखिएन। साथै इन्धन प्रयोग सम्बन्धमा स्पष्ट मापदण्ड समेत तयार गरेको देखिएन। अत: इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाइ लागु गर्नु पर्ने साथै विद्युतीय जिन्सी प्रणाली PAMS मा प्रविष्टि गरी आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ।

संघ संस्था सहायता - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी खर्च शिर्षक २२५२९ मा अन्य संस्था सहायतामा रु.५७३,२७६.०० खर्च गरेको छ। संघ संस्थालाई प्रदान गरिएको आर्थिक सहायता वेभ साईटमा राखी सार्वजनिकिकरण गरको छैन। मापदण्ड तयार गरी आर्थिक सहायता प्रदान गर्नु पर्ने र सोको सार्वजनिकिकरण गरी पारदर्शिता कायम गर्नु पर्दछ।

१७ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७५ लाख ३२ हजार पदाधिकारी सेवा सुविधा वापत यस वर्ष भुक्तानी भएको छ ।

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष जना ८	कार्यपालिका सदस्य ५	सभाका सदस्य २४	जम्मा
१	यातायात खर्च	०	१४४०००	९६००००	३६००००	८६४०००	२३२८०००
२	टेलिफोन,मोबाइल	४२०००	३६०००	२८८०००	१८००००	७२००००	१२६६०००
३	पुस्तक,पत्रीका,ईन्टरनेट	४८०००	४८०००	२८८०००	१८००००	५७६०००	११४००००
४	समन्वय तथा सहजीकरण	१२००००	९६०००	५७६०००	३०००००	८६४०००	१९५६०००
५	अतिथि सत्कार	३६०००	३००००	१९२०००	०	०	२५८०००
६	खानेपानी/बिजुली/सरसफाई	६००००	६००००	०	०	०	१२००००
७	चाडपर्व खर्च	१५०००	१५०००	९६०००	५००००	१६८०००	३४४०००
८	अन्य भए उल्लेख गर्ने (मर्मतसंभार र विधुत)	६००००	६००००	०	०	०	१२००००
	जम्मा	३८१०००	४८९०००	२४०००००	१०७००००	३१९२०००	७५३२०००

१८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष देहाय बमोजिम रु.४६,९०,८८४.०० विविध खर्च गरेको छ।

संकेत नम्बर	विवरण	रकम
६५५.२१.१.१६३	विविध खर्च	२०००००.००
६५५.२१.१.१५८	मेल मिलापकर्ता यातायात खर्च	७६५००.००
६५५.२१.१.१३५	न्यायिक समितिको व्यवस्थापन तथा प्रशासनिक खर्च	४४८९२९.००
६५५.२१.१.३०	विषयगत शिक्षकको त्रैमासिक बैठक	९६९६०.००
६५५.२१.१.१५३	शिक्षा समितिको बैठक	१८८५२०.००
६५५.२१.१.८३	सवारी साधन तथा मेसनरी औजार भाडा	५५२०००.००
६५५.२१.१.१४	स्वास्थ्य चौकिका ल्याबका सामाग्री	९५०००.००
६५५.२१.१.२६	अन्तरन्यायिक समिति बैठक	९६७२५.००
६५५.२१.१.१५२	नियमित प्र.अ.बैठक भत्ता, खाजा, खाना,	४७६२५०.००
६५५.२१.१.७०	घरभाडा	६०००००.००
	जम्मा	४६३०८८४

उल्लिखित विवरण अनुसार विभिन्न समितिको बैठकमा हुने बैठक भत्ताको रकम भत्ता खर्च शिर्षकबाट भुक्तानी हुनु पर्ने र चिया, खाजाको रकममात्र विविधबाट खर्च गर्नु पर्ने, समितिको प्रशासनिक खर्चको रकम खर्चको प्रकृति अनुसार सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नु पर्दछ। साथै मेसिनरी औजार तथा घरभाडा रकम भाडा खर्च शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा विविध खर्च अन्तर्गत वर्गिकरण गरी खर्च गरेकोले नियम सम्मत नदेखिएको (सवारी साधन तथा मेसिनरी औजार भाडा रु.५,५२,०००.००, स्वास्थ्य चौकिको ल्याबका सामाग्री रु.९५०००.०० घर भाडा रु.६०००००) समेत जम्मा रु

अनियमित भएको	१२,४७,०००

१९ **पकेट विकास कार्यक्रम**

पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ७ बमोजिम प्रति क्लस्टर न्यूनतम १० हेक्टर (२०० रोपनी/३०० कठ्ठा) बढीमा ४ वटा क्लस्टर सम्ममा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ। पालिकाले देहायका दुई कृषक समूहलाई आलु पकेट विकास कार्यक्रमको लागि अनुदान प्रदान गर्दा कार्यविधिमा तोकीएबमोजिम आवश्यक जग्गा परिमाण प्रष्ट नभएकोले कार्यक्रमको प्रभावकारीता नहुने अवस्था रहन्छ। पालिकाले यस्ता कार्यक्रम संचालनको लागि अनुदान प्रदान गर्दा कार्यविधिको प्रावधान अनुसार जग्गाको परिमाण/क्षेत्रफल निर्धारणतर्फ ध्यान दिनुपर्दछ।

गो भौ नं र मिति	अनुदान प्राप्त गर्ने समूह	रकम
१९२।०८१।१२।६	प्रगतीशील कृषक समूह	५५३१५१
१९३।०८१।१२।७	जनकल्याण सामुदायिक कृषक समूह	५९१०४०
जम्मा		११४४१९१

२० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेकोमा जसमध्ये सक्रिय १४ र अन्य निष्क्रिय रहेको देखियो। पालिकाले यस वर्ष गौमुखी गा. पा. क्षेत्रमा रहेका सम्पूर्ण सहकारीहरुको अनुगमन गरेकोमा भुमेथान सहकारी समस्याग्रस्त रहेको उल्लेख छ। साथै पालिका भित्रका २ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला

गरेको र अन्यले गरेको पाइएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुका विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा २६ योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई औसत १०० दिनले ८८०० दिन रोजगारी उपलब्ध गराई रु.५५ लाख ८९ हजार १ सय ५६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।

२२ **खरिद प्रकृया**

सार्वजनिक खरिद नियमावली २०६४को नियम ५ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्ने, खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने,खरिद योजना तयार गर्न लगाउने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्ने,खरिद विधिको छनौट गर्ने उल्लेख छ। त्यस्तै नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ।नियम ३१ मा २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, वा मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने र नियम ८४ मा २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रबाट गर्ने सकिने व्यवस्था छ।यस वर्ष पालिकाको प्रशासनिक चालुतर्फ मसलन्द तथा कार्यालय सामाग्री र पुँजिगत तर्फ मेसनरी औजार र फर्निचरमा भएको खर्चको स्थिति देहाय बमोजिम छः

खर्च शिर्षिक	खर्च शिर्षक	खर्च
मसलन्द तथा कार्यालय सामाग्री	२२३११	३०३८३२७.१७
फर्निचर तथा फिक्सचर्स	३११२३	१३७८०७२.००

माथि उल्लिखित विवरण बमोजिम मसलन्द तथा कार्यालय सामाग्री, मेसनरी औजार तथा फर्निचरमा विनियिजित बजेटको आधारमा लागत अनुमान तयार गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्रको आधारमा प्रतिष्पर्धाबाट खरिद गर्न सकिनेमा कार्यालयले खरिद योजना वेगर पटक पटक गरी खरिद खरिद गरेको देखियो। जसका केही उदाहरण देहाय बमोजिम छन्।

भौ.नं.	**मिति**	**पार्टिको नाम**	**रकम**	**विवरण**
५०८	२०८२।३।११	राज अडर एण्ड सप्लायर्स	४४९१३३	मसलन्द
१२९	२०८१।९।०७	ए टु जेड सप्लायर्स	४८३९२२	मसलन्द
३३१	२०८२।१।२२	झिमरुक अपसेट प्रेस	३८१३७५	
१४२	२०८२।३।२०	हाम्रो राम्रो अर्डर एण्ड सप्लायर्स	४९८८३८	फर्निचर
१४३	२०८२।३।२०	राज डेकोर	४९९२३४	फर्निचर

मालसामानको प्रकृति अनुसार प्याकेज तयार गरी प्रतिशपर्धाबाट खरिद गर्नुपर्दछ।

२३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम

रहेका छन:

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• उपभोक्ता द्वारा कार्यान्वियन हुने आयोजनामा सरोकारवाला सहितको सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री तथा अन्य अनुदान वितरण गरेकोमा सोको विवरण पालिकाको वेभ साइटमा राखी सार्वजनिकिकरण गरेको देखिएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• गत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र निर्माण तर्फ को खर्चको कन्टेन्जेन्सी खर्चको अभिलेख राखेको छैन।

• आर्थिक प्रशासनलाई व्यवस्थित गर्न र आन्तरिक नियन्त्रण कायम गर्न नेपाल सरकारले विभिन्न म.ले.प.फाराम तर्जुमा गरी महालेखापरीक्षकबाट स्विकृत गराई लागु गरेको छ। प्राविधिक तथा अन्य शाखाहरुबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरु सहित सिफारिसको लागि म.ले.प.फा.न. २०२ (भुक्तानी कारोवारको सिफारिस पत्र) तर्जुमा गरिएकोमा भुक्तानी गरिएका बिल भर्पाई तथा अन्य कागजात साथ उक्त फाराम संलग्न रहेको देखिएन। नेपाल सरकारबाट तर्जुमा गरी लागु गरिएको म.ले.प.फा.न. २०२ भुक्तानी कारोवारको सिफारिस पत्र प्रयोगमा ल्याई आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १३४ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१३४	८	२५	१०१

उपर्युक्त विवरण अनुसार कुल योजना संख्या १३४ मध्ये ५ लाख भन्दा कम लागतका योजनाको संख्या १०१ रहेको छ भने ५ देखि २० लाख सम्मका योजनाको संख्या २५ र २० लाख भन्दा बढीका योजनाको संख्या ८ रहेको छ।साना र टुक्रे प्रकृतिका योजनाको संख्या अधिक हुँदा लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।पालिकाले योजनाको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२५ आन्तरिक आय

पालिकाले यस वर्ष रु.७१ लाख १४ हजार आय अनुमान गरेकोमा रु.५७ लाख ८० हजार प्राप्त भएको छ। आन्तरिक आय सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

१. **आन्तरिक आयको तुलनात्मक अवस्था÷** पालिकाको गत ५वर्षको आन्तरिक आयको अनुमान र यथार्थ प्राप्तको विवरण देहाय बमोजिम छः

आर्थिक वर्ष	अनुमान	यथार्थ प्राप्ती	प्राप्ती प्रतिशत	बृद्धि प्रतिशत
२०८१।८२	१०९६५	८३९९	७६.५५	(२१.३८)
२०८०।८१	८१२५	१०६७८	१३१.४२	४५.४५
२०७९।८०	८४६७	७३४१	८६.७०	१.३६
२०७८।७९	६७५०	७२४२	१०७.२८	(१२.२०)
२०७७।७८	५५००	८२४९	१४९.९८	

उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक आय अनुमानको १०७.२८ प्रतिशत, आर्थिक वर्ष २०७९।८० मा ८६.७० प्रतिशत, आर्थिक वर्ष २०८०।८१ मा १३१.४२ प्रतिशत र आर्थिक वर्ष २०८१।८२ मा ७६.५५ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ। त्यस्तै आथिक वर्ष २०७७।७८ आन्तरिक आय रु.८२ लाख ४९ हजार रहेकोमा आर्थिक वर्ष २०८१।८२ रु.८३ लाख ९४ हजार रहेकोले विगत ५ वर्षमा आन्तरिक आय १.७५ प्रतिशत मात्र बृद्धि भएको छ। यस वर्ष अनुमानको तुलनामा ७६.५५ प्रतिशत आम्दानी भएको भए पनि देहाय बमोजिमका आय शीर्षकमा लागत अनुमानको तुलनामा अधिक तथा न्यून वा आय शून्य देखिएकोले शिर्षकगत अनुमान यथार्थपरक देखिएन।शिर्षकगत रुपमा यथार्थपरक हुने गरी आय अनुमान गर्नु पर्दछ।

क्र.सं.	आय शीर्षक	अनुमान	प्राप्ती	प्रतिशत
१	सम्पत्तिकर	०	३९५०५२	
२	अन्य प्रशासनिक सेवा शुल्क	५५००००	२४७४९१	४५.००
३	अन्य कर	१५०००००	३८९६४	२.५९
४	सरकारी सम्पत्तिको बहाल बापत	०	३५४२११३	
५	व्यवसाय कर	५०००००	०	०
६	अन्य राजस्व	५३६५०००	४७७८	०.०८

उल्लिखित विवरण अनुसार सम्पत्तिकरमा राजस्व प्राप्त हुने अनुमान नगरिएकोमा रु.३,९५,०५२ र सरकारी सम्पत्तिको बहाल वापत रु.३४,४२,११३ प्राप्त भएको छ भने अन्य करमा अनुमानको तुलनामा २.५९ प्रतिशत, अन्य प्रशासनिक सेवा शुल्कमा ४५ प्रतिशत र अन्य राजस्वमा अनुमानको तुलनामा ०.०८ प्रतिशत राजस्व प्राप्त भएकोले राजस्व अनुमान यथार्थपरक देखिएन।

२. वनको आय÷स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार विक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा प्राप्त भएको देखिएन।

३. दहत्तर बहत्तर÷यस पालिकाको पातीहाल्ना क्षेत्रबाट न्यूनतम रु,७,३८,९४८ र आगाबेसी क्षेत्रबाट रु३,४२,२९४ न्यूनतम अंक कायम गरु नदीजन्य पदार्थ उत्खनन् संकलन र घाटगद्दि ठेक्का प्रस्ताव गरिएकोमा पतिहाल्ना क्षेत्रबाट मात्र नदीजन्य पदार्थ संकलन गर्न ३ प्रस्ताव परेको र सबै भन्दा बढी कबोल गर्नेको रु.७,४१,००० को प्रस्ताव स्वीकृत भई मु.अ.कर समेत रु.८,३७,३३०.०० दाखिला भएको छ।विभाज्य कोषको खाता बमोजिम उक्त रकम कोषमा मौज्दात रहेको देखिन्छ भने बैंक खातामा मौज्दात शुन्य रहेको छ। विभाज्य कोषमा दाखिला भएको रकम सम्बन्धित खातामा ट्रान्सफर भए नभएको यकिन गर्नु पर्दछ।

२६ **ब्याकहोलोडरको भाडा रकम**

कार्यालयमा रहेको ब्याकहो लोडर प्रयोग वापत प्राप्त बाहाल रकममा उक्त मेसिनमा प्रयोगमा भएको ईन्धन खर्च, पारिश्रमिक मर्मत लगायतका खर्चको छुट्टै लेखा नराखेकोले खुद आम्दानी यकिन गर्न सकिएन। उपकरण भाडामा लैजानको लागि निश्चित विधि तथा प्रकृया नतोकिएको र उपकरणको प्रयोग गरेवापत प्राप्त वहाल गणना गर्न जिम्मेवारी तोकिएको देखिएन। उपकरण प्रयोगको कार्यविधि बनाई आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ र उपकरणमा भएको खर्च घटाई बचत रकमको मात्र आय गणना गर्नु पर्दछ। यस वर्ष ब्याकु लोडर १४५२।२० घण्टा प्रयोग भएको विवरण प्राप्त भएको छ। पालिकाले ब्याकुलोडरको भाडादर प्रतिघण्टा २८०० तोके बमोजिम यस वर्प रु.४०६६१६० बहाल प्राप्त हुनु पर्नेमा रु.३८,१४,१६० मात्र दाखिला भएको देखिएकोले घटी रकम थप यकिन गरी असुल हुनु पर्ने रु.२,६३,२००.००

असुल गर्नुपर्ने	२,६३,२००

२७ **पर्यटन पवर्द्धन कार्यक्रम**

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१)मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।पालिकाले गौमुखी क्षेत्रका महत्वपूर्ण स्थानहरुको प्रचार प्रसार र पालिकाभित्र पर्यटन क्षेत्रको विकास गर्ने हेतुले २०८२।०२।१७ रु ३४४३०२ को लागत अनुमान तयार गरी कार्यक्रम आयोजना गरेको र गो भौ नं ५६५ र मिति २०८२।०३।१८ बाट रु २९८९६२।०० खर्च लेखेको पाइयो। उक्त कार्यक्रममा स्थानीय मगर भेषभुषा झल्कने खादा १६ थानको २५०० को दरले ४००००।००, दैनिक भ्रमण भत्ता वापत ६८०० र फ्लेक्स व्यानर, ग्लास ट्रफी र सेल्फी वोर्ड लगायतको लागि रु ९७६८२।०० भुक्तानी भएको पाईयो। कार्यक्रम सन्चालन गर्दा मितव्ययी भएको सुनिश्चित गर्नुपर्दछ।

२८ **व्याग खरिद**

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६ (१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले अफिस व्याग ४१३५ को दरले १६ वटा र ३१०० को दरले स्लीपिङ व्याग खरिद वापत गो भौ नं ५०८ र मिति २०८२।०३।११ बाट टेलिइलेक्ट्रोनिक्स इन्टरनेशनल लाई रु.८७८६०।०० भुक्तानी गरेको पाइयो।पालिकाले रकम खर्च गर्दा मितव्ययिता कायम गर्नेतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

२९ **बालविवाह न्यूनिकरण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र प्रमाण कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष गाउपालिका भित्रका माध्यमिक विद्यालयहरुमा वालविवाह न्यूनीकरण तथा लागूऔषध दुर्व्यसनी नियन्त्रण सम्बन्धी कार्यक्रम सन्चालन गर्नको लागि सम्भव मिडिया सर्भिस प्रा. ली. सँग २०८२।०२।२५ भित्र मा कार्यसम्पन्न गर्ने गरी २०८१।०९।१९ मा सम्झौता गरी एकमुष्ट रुपमा विजक पेश गरेको आधारमा गो भौ नं ६७५ र मिति २०८२।०३।२३ बाट रु. २९९५५०।०० भुक्तानी गरेको पाइयो।उक्त कार्यक्रम सन्चालन भएको समय स्थान तथा सहभागीहरुको उपस्थिति खुल्ने प्रमाण संलग्न नरहेको पाइएकोले उक्त कार्यक्रम भएको प्रमाणहरु तथा प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. २९९५५०।००

प्रमाण पेश नगरेको	२,९९,५५०

३० **पुस्तक खरिद**

सार्वजनिक खर्चलाई मितव्ययी बनाउने सम्बन्धी मापदण्ड,२०८१ को६(३) मा पुस्तक तथा पत्रपत्रिका खरिद गर्दा कार्यालयको कामसँग सम्बन्धित मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष विभिन्न १५ थान (ऐन नियम बाहेकका) पुस्तक खरिद वापत गो भौ नं ७२१ र मिति २०८२।०३।२५ बाट रु.३३३७० र उपन्यास वापत रु.१५०००। गरी जम्मा रु.४८३७०।०० भुक्तानी गरेको पाइयो।अतः पुस्तकहरु खरिद गर्दा कार्यालयको कार्यसँग सम्बन्धित मात्र खरिद गरी मितव्ययितातर्फ ध्यान दिनुपर्दछ।

३१ सफटवयेर सन्चालन खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकामा यस वर्ष सफ्टवयेर तथा सूचना प्रणाली तर्फ रु ३५१०९६।०० वजेट विनियोजन भएकोमा उक्त वजेट मध्येबाट १ थान ल्यापटप सी पी यु मोनिटर सि. सि. टि. भी. हार्डडिक्स वाइफाइ व्याकप लगायत खरिदको लागि आयान ट्रेडर्सलाइ गो भौ नं ६३७।मिति २०८२।०३।२० बाट रु ३५१०९६।०० भुक्तानी भएको पाइयो। अतः बजेट खर्च लेख्दा सम्बन्धित कार्यक्रम तथा शीर्षकमा आधारित हुनेगरी लेख्नुपर्दछ।

३२ खर्चको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मास्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ ।पालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा केही कार्यक्रम अनुत्पादक प्रकृतिका देखियो। पालिकाले वजेट खर्च गर्दा उत्पादन वृद्धि हुने र रोजगारी सिर्जना गर्ने कार्यमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

क्रियाकलाप संकेत नं	विवरण	भुक्तानी रकम
६५५.२१.१.१५९	लोक संस्कृति संरक्षण कार्यक्रम	१५००००
६५५.२१.१.१०१	तिज विशेष कार्यक्रम	५००००
६५५.२१.१.१२२	आमा समूह पुनः जागरण कार्यक्रम	६००००
६५५.२१.१.४८	अन्तराष्ट्रिय महिला दिवश	५००००
६५५.२१.८५	बाल दिवश	१०००००

३३ जेष्ठ नागरिक सम्मान कार्यक्रम

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ शिक्षकको तलब भत्ता अनुदान

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ बमोजिम स्थानीय तहले कार्यरत शिक्षकको तलव भत्ता निर्धारण गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०५/०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरणअनुसार खुद पुलमा रहेका दरबन्दी मिलान गर्न बाँकी रहेका शिक्षकको तलब भत्ता स्थानीय तहमा विनियोजन नगरिएकाले शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका स्थानीय तहले आव २०८१।८२ को प्रथम त्रैमासिकभित्र मिलान कार्य सम्पन्न गरी सोको प्रतिवेदन केन्द्रमा पठाएपछि मात्र सो रकम निकास गर्नुपर्ने व्यवस्था छ। अनुदानमा नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फाराम भरी प्रमाणित गराई २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने र यकिन भएको विवरणअनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव सोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा मा पठाउनुपर्ने व्यवस्था छ। स्थानीय तहले नपुग हुने तलवभत्ता माग गर्दा दरबन्दी मिलान गरी स्थानीय तहका लागि कायम भएको दरबन्दी सङ्ख्या तथा इकाइबाट दरवन्दी मिलानका क्रममा थप भएको शिक्षक दरबन्दी सङ्ख्या भए सो समेत एकीकृत गरी सोको प्रमाणित अनिवार्य प्रति समेत राखी पठाउनुपर्नेमा पालिका अन्तर्गत ४६ विद्यालयमा कुल ७०९७ विद्यार्थी रहेकामा पालिकाले शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरबन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई ५१ शिक्षकका लागि रु.२ करोड ३४ लाख ७२ हजार थप अनुदान उपलब्ध गराएको देखियो।विद्यालयमा शिक्षकको तलब भत्ता लगायतका सुविधा संघीय सरकारबाट सशर्त अनुदानको रुपमा उपलब्ध गराएको हुँदा विद्यार्थी शिक्षक अनुपात मिलाएर शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

३५ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ नियम ७७(१) अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया पहाडी क्षेत्रमा १:४५ शिक्षक विद्यार्थी हुनुपर्ने व्यवस्था छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) को तथ्याङ्क अनुसार पालिकाको २३ विद्यालयमा कुल ७०८५ विद्यार्थी अध्ययनरत रहेको र शिक्षक संख्या १५२ रहेको छ। नमुना छनौटको आधारमा ४ विद्यालयको शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्दा २ विद्यालयमा नियमावलीले तोकेको भन्दा बढी विद्यार्थी संख्या र २ विद्यालयमा कम विद्यार्थी संख्या रहेको पाईयो। पालिकाले शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
गौमुखी माध्यामिक विद्यालय खुङ	१३	६६४	१:५१
भृकुटी माध्यामिक विद्यालय लिवाङ	१२	६३३	१:५३
बालकल्याण प्राथमिक विद्यालय	२	२३	१:११
दोसाद प्राथमिक विद्यालय	२	४०	१:२०

३६ पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक व्यवस्थापनको लागि कक्षा १-१० का लागि शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा ४६ वटा विद्यालयलाई पहिलो पटक ७५ प्रतिशतले हुन आउने रु ३२ लाख ४ हजार १ सय २६ मिति २०८१।१२।२२ मा विद्यालयलाई अनुदान दिएको छ। कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार निर्धारित समयमा अनुदान उपलब्ध गराई पाठ्यपुस्तकको सहज वितरणको व्यवस्था मिलाउन ध्यान दिनुपर्दछ।

३७ सेनिटरी प्याड व्यवस्थापन

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ३(४) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) तथ्याङ्कसँग भिडाई अनुसूची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा १३७०० प्याकेट सेनीटरी प्याड खरिद वापत काआश टेक्निकल सप्लायर्स प्रा लि लाई रु ९ लाख ९८ हजार ७ सय २४ भुक्तानी गरेको छ। खरिद गर्दा विगतको मौज्दात एकीन नगरेको, लागत अनुमान नगरेको र गुणस्तर जाँच नभएको पाईयो। अतः खरिद तथा वितरण गर्दा विगतको मौज्दातको एकीन र गुणस्तरमा ध्यान दिनुपर्दछ।

३८ **औषधि खरिद**

गाउँपालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने, गत वर्षको मौज्दात र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला पर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। चालु आर्थिक वर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि खरिद वापत २ आपूर्तकलाई रु. ११ लाख ३० हजार तथा नगरपालिका चालु खाताबाट रु. १२ लाख भुक्तानी दिएको छ। औषधि खरिद गर्दा उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३९ **न्यानो झोला खरिद**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार तोकिएको स्पेसिफिकेसन अनुसारको न्यानो झोला खरिद गर्नुपर्ने र सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत आर्थिक वर्षको १९५ थान मौज्दात र चालु आर्थिक वर्षमा २५० थान खरिद गरी जम्मा रु २ लाख २५ हजार भुक्तानी भएको र २० थान मौज्दात रहेको छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

४० **पारिश्रमिक कर**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,३८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२,५४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४,५४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **५,८५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१ **सामाजिक सुरक्षा भत्ता फिर्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४,५३४** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२९,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **६,२७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **३,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ **उपभोक्ता समितितर्फ**

४२.१ **उपभोक्ता समितिको काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन समितिले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने, नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। अधिकांश उपभोक्ता समितिहरुले योजनाहरुको खर्च सार्वजनिकीकरण, सार्वजनिक स्थानमा टाँस तथा सामाजिक परीक्षण गराएको देखिएन साथै पालिकाले योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण गर्ने गरेको देखिएन। नियमावलीको पालना गराई उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

४२.२ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, जनसहभागितामूलक, श्रममूलक एवं रोजगार सिर्जना गर्ने कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाहरुको कूल लागतको अधिकांश अंश डोजर, एक्साभेटर लगायतका हेभी मेशिनको हुने गरेको र सो बापतको भुक्तानी उपभोक्ता समितिले निर्माण व्यवसायीलाई गर्ने गरेको पाइयो ।जसका केही उदाहरण देहाय बमोजिम छन ।

भौ.नं. र मिति	योजनाको नाम/ उ . स .	निर्माण व्यवसायी	बजेट खर्च
३३।२०८२।१।८ (गा . पा .)	श्री विप्पे गौडा ठूलाखर्क मोटरबाटो निरन्तरता उ स	के. टि . एम निर्माण सेवा	४८००००
३७।२०८२।१।२२ (गा . पा .)	बाइचौर डाँडागाउँ हुँदै किनाम जोड्ने मोटरबाटो उ स	हरियाली निर्माण सेवा	४८००००
५४।२०८२।१।२८ (गा . पा .)	अर्घा सडक मर्मत योजना उ स	हरियाली निर्माण सेवा	४८००००
१०४।२०८२।३।९ (गा . पा .)	पुजा सडक मर्मत योजना उ स	हरियाली निर्माण सेवा	६६९८८५
१०६।२०८२।३९७ (गा . पा .)	खलावाङ जैरे देउराली मोटरबाटो उ स	हरियाली निर्माण सेवा	३९१७०३
	जम्मा रु.		२५०१५८८

४२.३ **औषत दरको प्रयोग**

(गो.भौं. नं. ५४।२०८२।१।२८ गा.पा.तर्फ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले अर्घा सडक मर्मत योजनामा बाटो खन्ने कामको लागि मेसिनद्वारा माटो खन्नेकाम, साधारण चट्टान खन्ने काम र कडा चट्टान खन्ने कामको Weighted Average का आधारमा रु.१०४.१२ का दर निकालेर उपभोक्ता समितिलाई रु.३९९४०४ भुक्तानी दिएको देखियो। प्राविधिक नापी किताबमा बाटो खन्ने काम ३८३६ घ.मि. गरेकोमा Weighted Average दरले भुक्तानी गर्ने भएकोले माटो, कडा चट्टान, साधारण चट्टान नछुट्याएको कार्यालयले जनाएको छ। माटो, कडा चट्टान, साधारण चट्टान खन्ने कामको स्वीकृत DOR को नर्म्स अनुसार फरक फरक दररेट हुने भएकोले कार्यालयले उपभोक्ता समितिलाई Weighted Average Rate ले भुक्तानी गर्दा बढी भुक्तानी नभएको यकिन गर्नुपर्दछ।

४३ **उपभोक्ता समितितर्फ थप बेहोरा**

४३.१ **ग्याबियनको कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ। सडक विभागको नर्म्स DOR 2401,2402 अनुसार ग्याबिन जालीमा ढुङ्गा भर्ने कार्यका लागि मानिसद्वारा बुनेको जाली प्रयोग गर्दा र मेसिनद्वारा बुनेको जाली प्रयोग गर्दा प्रति घन मिटर लागत फरक फरक पर्ने देखिन्छ। ग्याबिन जालीमा ढुङ्गा भर्ने कार्यका लागि मेसिनद्वारा बुनेको जाली प्रयोग गर्दा प्रति घनमिटरलागत मानिसद्वारा बुनेको जाली प्रयोग गर्दा भन्दा निम्नअनुसार सस्तो पर्नेमा पालिकाले निम्न योजनाहरुमा मेसिनबाट बुनेको जाली प्रयोग गरेको अवस्थामा Manual जाली बुन्ने दर विश्लेषण प्रयोग गरी भुक्तानी गरेकोले बढी भुक्तानी देखिएको रकम असुल गर्नुपर्ने रु.

गो. भौ . नं . । मिति	योजना / उपभोक्ता समिति	कामको विवरण	परिमाण घ. मि .	भुक्तानी गरेको दर(with haul)	भुक्तानी हुने दर (with haul)	रकम
२६ (गा . पा . तर्फ)	हरियाखोला ठूलाबेसी सडक मर्मत उ स	३* १ * १	७५	४९४२	४५५९	२८७२५
		२* १ * १	८६	५०२३	४६२५	३४२२८
		१. ५ * १ * १	४६.५	५३८१	४५५९	३८२२३
१०७(गा . पा . तर्फ)	भृकुटी मा वि फिल्ड तथा भवन मर्मत	३* १ * १	२१	५११५	४५५९	११६७६
		२* १ * १	६	५११५	४६२५	२९४०
		१. ५ * १ * १	२५.५	५११५	४५५९	१४१७८
११०(गा . पा . तर्फ)	ठूला बिसौना पोखरा मोटरबाटो मर्मत, वडा ३	३* १ * १	३९	४९४२	४५५९	१४९३७
		२* १ * १	२६	५०२३	४६२५	१०३४८
		१. ५ * १ * १	१५	५३८१	४५५९	१२३३०
					कूल जम्मा	१६७५८५

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **११,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,३८,८६०

४३.२ पहिरो सफा गर्ने कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा उल्लेख भएअनुसार निर्माण कार्यको लागत अनुमान तयार स्वीकृत नर्म्सबमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न योजनाहरु सञ्चालन गर्दा सम्बन्धित कार्यहरुका लागि स्वीकृत विभागीय नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्दछ। सडक विभागको नर्म्स नं.२९.१९ मा मेसिन प्रयोग गरी पहिरो हटाईबाटो सफा गर्ने कार्यका लागि आवश्यक नर्म्स व्यवस्था भएकोमा सो अनुसार नगरी जिल्ला दररेट अनुसार भुक्तानी गरेको देखियो। नर्म्स प्रयोग गरी पालिकाको स्वीकृत दररेट विश्लेषण नगर्दा पालिकालाई निम्न अनुसार बढी व्ययभार परेको देखिन्छ।

गोभौनं./मिति	योजना	परिमाण घ. मि .	DOR को नर्म्स अनुसार भुक्तानी हुने	भुक्तानी दर	रकम
१०६।२०८२।३।९	खलाबाङ जैरे देउराली मोटरबाटो उ. स .	१४०३	४५	७०	३५०७५

४४ बिमा कार्यक्रम

पालिकाको वार्षिक नीति तथा कार्यक्रमको पूर्वाधार विकास सम्बन्धी नीति अन्तर्गत पालिका भित्र रहेका कच्ची आवासीय घरहरुको लगत संकलन गरी प्रतिघर अधिकतम विमाङ्क रु.५ लाख सम्मको घर बीमा (निर्जीवन विमा) कार्यक्रम अगाडि बढाईने गरी यस वर्ष कच्ची घर बीमा कार्यक्रमका लागि रु.१० लाख बजेट विनियोजन गरेको देखिन्छ। यस वर्ष पालिकाले मनसुनजन्य विपत, अग्निजन्य क्षति, भुकम्प लगायतका अन्य बीमा भुक्तानी शर्तहरुमा उल्लेखित जोखिम बहन गर्ने गरी ३०११ कच्ची घरको प्रतिघर अधिकतम विमाङ्क रु.५ लाख सम्मको घर बीमा गरी प्रति घर बीमा प्रिमियम रु.२६९.८९ का दरले नेको इन्सुरेन्सलाई जम्मा रु.८१२६६८। भुक्तानी गरेको देखिन्छ। उक्त बीमा भुक्तानी र बीमा दाबीको अवस्था निम्नअनुसार रहेको छ:

बीमित घर	कूल बिमा प्रिमियम भुक्तानी रु.	बीमा अवधि	क्षति भई बीमा दाबी संख्या	बीमा दाबी भुक्तानी संख्या	बीमा दाबी भुक्तानी हुन बाँकी	बाँकी बिमा दाबी रकम
३०११	८०६९४८	२०२४।१०।३० देखि २०२५।१०।२५	७	१ (रु . ३५४४००)	६	१८००००००

पालिकाले विपद्जन्य जोखिमबाट क्षति भएका बाँकी ६ घरको क्षति मूल्यांकित रकम रु.१८०००००/- बीमा दाबी प्रकृया पुरा गरी बीमा दाबी भुक्तानीका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

४५ **ठेक्का अभिलेख व्यवस्थापन**

कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन ।

खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९ (२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९ (३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ। पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ तथा ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

त्रृटी सच्याउने दायित्व

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रृटि सच्याउने दायित्व अभिलेख राख्ने गरेको पाइएन।

गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आश्वास्तता योजना पेश गरेको छैन ।

कार्यस्वीकार प्रतिवेदन

अधिकांश योजनाहरुको कार्यस्वीकार प्रतिवेदनमा काम सम्पन्न मिति, नापी मिति उल्लेख गर्ने गरेको देखिएन।

उल्लिखित ठेक्का अभिलेख व्यवस्थापन सम्बन्धमा देखिएका कमजोरीहरुलाई सुधार गरी ठेक्का अभिलेखलाई व्यवस्थित बनाउनु पर्दछ।

४६ **बजेट कार्यन्वयन मार्गदर्शन**

लुम्बिनी प्रदेश सरकारले आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सम्बन्धमा सवै मन्त्रालय/आयोग/ सचिवालय/कार्यालय र मातहतका निकायहरुलाई च.नं. ८९ मिति २०८१।५।१४ को परिपत्र अनुसार प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण (सशर्त, समपुरक र विशेष अनुदान) प्राप्त भएका कार्यक्रमहरु प्रदेश सरकारको श्रोतमा देखा परेको चाँपको कारणले गर्दा

आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सवै कार्यक्रमहरु प्याकेजिङ गरि अनिवार्य रुपमा सार्वजनिक प्रतिस्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गर्न गराउन निर्देशन दिइएको देखिन्छ। चालु आ.व ०८१/०८२ मा पालिका प्रदेशतर्फका योजनाहरु प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.

योजना		लागत अनुमान	कबोल/खर्च	घटी%
भृकुटी नयाँ पोखरी पदमार्ग निर्माण	रोयल गौमुखी कन्स्ट्रक्सन प्रा. लि .	९५९९८७	९५५५०८	०.४६
मसानघाट काफलबासा सिढी र रेलिंग निर्माण	चन्दन विल्डर्स एण्ड सप्लायर्स प्रा. लि .	९५९५०५	९५५२२१	०.४४
नेटा ढाडखानी सडक मर्मत स्तरोन्नति	सुमन निर्माण सेवा	९५९६९६	९५६२१७	०.३९
पिपलडाँडा सिवालय पर्यटन पूर्वाधार निर्माण	बि. के . जु . निर्माण सेवा	९६०४७८	९५२८८९	०.७९
जम्मा		३८३९६६६	३८१९८३५	

अनियमित भएको	३८,१९,८३५

४७ निर्माण कार्यको भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा परामर्शदातालाई रु.२५००० माथिको भुक्तानी गर्दा एकाउन्ट पेयी चेकबाट गर्नुपर्ने व्यवस्था छ। देहायका काममा आपूर्तिकर्ता, निर्माण व्यवसायीलाई निर्माण कार्यको भुक्तानी नगरी कर्मचारीमार्फत भुक्तानी भएको देखियो। नियमको पालना हुनुपर्दछ।

गो. भौ .	काम	भुक्तानी लिने कर्मचारी	रकम
६।२०८१।९।५ (गा . पा .)	पुजा सडक मर्मत	मनोज सिंह धामी, वडा ४	९७६०८
३०।२०८१।१२।२० (गा . पा .)	रजवारा वडा कार्यालय ग्याबिन जाली	राम प्रसाद अधिकारी	६२३६०
५०।२०८२।१।२५ (गा . पा .)	बाइसमूल प्रा वि भवन मर्मत	उमेश प्रसाद यादव	४९२१६
५३।२०८२।१।२६ (गा . पा .)	सानिसल्ला मोटरबाटो ढल निर्माण	अन्जु पुन मगर	५००००
८३।२०८२।२।३१ (गा . पा .)	नुनथला स्यालपाटा खा पा निर्माण	सुनिल के. सी .	७००००
९५।२०८२।३।८ (गा . पा .)	लिवाङ स्वास्थ्य चौकी स्तनपान कक्ष निर्माण	सावित्रा खड्का	१०००००
२५।२०८२।३।२३ (गा . पा .)	गौमुखी पर्यटन पूर्वाधार मन्दिर मर्मत	विनोद कार्की	८४९००
१४०।२०८२।३।१९ (गा . पा .)	मेसिनरी औजार खरिद	सुजन थापा	७३०००
१२७।२०८२।३।१७ (गा . पा .)	नारिकोट स्वास्थ्य चौकी अलुमिनियम पाटीसन	तारा जिसी	१०००००
		जम्मा	६८७०८४

४८ १५ शैय्या अस्पताल निर्माण(16/GRM-PYU/NCB/077/078)

PYU/NCB/077/078) का लागि महादेव खिम्ति अंशु मल्लरानी जेभी सँग मिति २०८१।१।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७९।१।१५ मा रु.१९,०५,९९,९४३ (मू.अ. करसहित) को सम्झौता भएकोमा हालसम्म चौंथौ रनिङ बिल जारी भई रु.१५,२५,९७,४९० (मू.अ. करसहित) को कार्यप्रगति भएको देखिन्छ भने उक्त कार्यको तेस्रो बिलसम्मको मूल्य समायोजनबापत रु.२,६७,५४,२५४(मू.अ. करसहित) थप भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा थप बेहोरा निम्नअनुसार छन्:

४८.१ भेरिएसन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १५ शैय्या अस्पताल निर्माण(16/GRM-PYU/NCB/077/078) का लागि विभिन्न कार्य थपघट गरी सुरु सम्झौता रकम रु.१९,०५,९९,९४३(मू.अ. करसहित) रहेकोमा ०.३३ प्रतिशत बढी हुने गरी भेरिएसन आदेशबाट संशोधित सम्झौता रकम रु.१९,१२,३८,१८६(मू.अ. करसहित) पुगेको देखिन्छ। पालिकाले भेरिएसन आदेश जारी गर्दा निर्माण व्यवसायीले घटी कबोल गरेको निम्न अनुसारका आइटमहरु बिओक्युबाट हटाइ BoQ मा रहेको अर्को आइटमले प्रतिस्थापन गरेको देखिन्छ। घटी कबोल गरेको आइटमलाई प्रतिस्थापन गर्नुको प्राविधिक पुष्ट्याइ खुलाएको देखिएन। निम्न प्रतिस्थापित आइटमको कारणमात्र रु.४४,६५,८९१(मू.अ.करबाहेक) लागत थपिने देखिन्छ।

आइटम नं. ३६ र ३८ मा ८८ प्रतिशत भन्दा बढी घटेको तथा आइटम नं. ४३ मा ७४ प्रतिशतभन्दा बढी घटेको अवस्थामा उक्त आइटमहरु भेरिएसनबाट परिवर्तन गरेको पाइयो। निर्माण व्यवसायीले घटी दररेट कबोल गरी ठेक्का सम्झौता गरेका आइटमहरु भेरिएसनबाट हटाउदाँ निर्माण व्यवसायीलाई फाइदा पुग्न जाने हुदाँ उक्त भेरिएसन कार्यालयको वास्तविक आवश्यकता अनुरुप भए नभएको सम्बन्धमा प्राविधिक पुष्ट्याइ हुनुपर्दछ।

BoQ No.	Item	BoQ परिमाण (Q)	Estimate Rate	Approved Rate (AR)	Item Replaced With	BoQ Rate (RR)	Rate difference(D= RR-AR)	Amount Difference (Q*D)
३६	Epoxy flooring As per Spec. (Sqm)	२०५	४२४१	५००	Terrazzo tile (BoQ item No.४१)	३०००	२५००	५१२५००
३७	Vinyl Flooring As per Spec. (Sqm)	१२५६	५२८३	६००	Terrazzo tile (BoQ item No.४१)	३०००	२४००	३०१४४००
४३	Automatic Hermetically sealed medical graded Stainlesssteel sliding door(Nos.)	२९	३५०००	९०००	Single Panel Casement Aluminium hinged door (BoQ item ४५)	४१३७९(Rate Calculated Per door in Nos.)	३२३७९	९३८९९१
						जम्मा (मु अ कर बाहेक)		४४६५८९१

४८.२ **मूल्य समायोजन भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१,८९७,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८.३ **सम्झौता अनुसार कार्य प्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद कार्य सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका, म्याद थप गर्नुपर्ने कारण र अन्य आवश्यक कागजातसहित निवेदन दिनुपर्ने व्यवस्था छ। अन्यथा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएर कामसम्पन्न गराउने व्यवस्था छ। सुरु सम्झौताअनुसार १५ शैय्या अस्पताल निर्माणको कार्य मिति २०८१।१।१५ सम्ममा

सम्पन्न गर्ने गरी मिति २०७९।१।१५ मा कार्यादेश दिएकोमा निर्धारित समयमा कार्यसम्पन्न हुन नसकी दोस्रो पटक २०८२।७।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी म्याद थप गरेको देखिन्छ। सुरु कार्यसम्पन्न अवधि २ वर्ष रहेकोमा पालिकाले १८ महिना म्याद थप गरेको देखियो। सुरु सम्झौता अवधिको थप ७५ प्रतिशत अवधि म्याद थप भएको देखिएता पनि हालसम्म ८०.०६ प्रतिशत मात्र कार्यप्रगति भएको देखिन्छ। कामसम्पन्न नभई ढिला हुनुको कारण विश्लेषण गरी ठेकेदारको कारण ढिला भएको देखिएमा खरिद सम्झौता एवम् सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

४८.४ विशेष अनुभव सम्बन्धी योग्यता

पालिकाले स्वीकृत गरेको डिपिआर अनुसार र्‍याम्पको माथि पट्टी प्रयोग हुन ३मि.मि. बाक्लो UPVC Roofing (BoQ no. 52 Providing and fixing UPVC roof with PMMA coating) को लागत अनुमान परिमाण १६७.८१ वर्ग मिटर रहेकोमा भेरिएसनबाट ८७.८२८ वर्ग मि. थप भएको देखिन्छ। Key Activities मा राखिएको UPVC sheet को काम रु.४ लाख ३७ हजारको मात्र देखियो। त्यस्तै गरी सि.नं. ९२ देखि २३३ सम्मका HVAC Works, CCTV जडान लगायतका Electromechanical कार्य भेरिएसनबाट हटेको देखिन्छ। UPVC roofing को कार्यलाई पालिकाले बोलपत्र संशोधन गरी Construction experience in Key Activities मा समावेश गरी १०७ वर्ग मि. गरेको हुनुपर्ने भनी योग्यता निर्धारण गरेको तथा HVAC works लाई समेत Key Activities मा समावेश गरेकोले ४ जनामध्ये एक जनाको मात्र बोलपत्र स्वीकृत भएको देखिन्छ। Construction experience in Key Activities मा समावेश गरिएका कार्यहरु मध्ये UPVC कार्यको लागत अत्यन्तै न्यून रहेको देखियो भने HVAC जडानको कार्य भेरिएसनबाट हटेको देखियो।

४८.५ स्पेशिफिकेसन अनुसार काम

Bill of Quantity को आइटम नं. ४६ मा रहेको Providing and fixing 2 to 4 layer Panel Sliding Window with Stainless steel fly mesh of aluminium section…… का लागि ३८६.३९ वर्ग मिटरको रु.२३१८३५२ भुक्तानी भएकोमा स्थालगत हेर्दा Stainless steel fly mesh को काम हुन बाँकी रहेको देखियो । त्यस्तै गरी Bill of Quantity को आइटम नं. ४९ मा रहेको Supply and fixing 50mm dia. Hand rail with 50 mm dia. Vertical post in position each after 3 feet distance….का लागि ७९.८ रनिङ मिटरको रु. २३९४०० भुक्तानी भएकोमा स्थलगत हेर्दा औषतमा ७ फिट फरकमा Vertical post राखेको देखियो। पालिकाले स्फेसिफिकेसन बमोजिम कार्य गराउनुपर्ने देखिन्छ।

४८.६ मूल्य समायोजन भुक्तानी

(✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,३४१,५२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ गौमुखी मा.वि. भवन निर्माण

४९.१ बजेट विनियोजन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) अनुसार सार्वजनिक निकायले खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ। पालिकाले गौमुखी मा.वि. भवन निर्माण कार्यको लागि स्रोत सुनिश्चितता नभएको कारण क्रमागत योजनाको रुपमा कार्यान्वियन गरेको देखियो। योजनाको विस्तृत परियोजना प्रतिवेदन अनुसारको कुल लागत रु.३,२७,१८,२६७ रहेकोमा यस आ.व. २०८१।८२ मा कार्यालयले रु.१,८४,०३,२१५ बराबर कामको मात्र लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा बि के जु निर्माण सेवासँग रु.१,१२,२०,७९० मा निर्माण कार्य गर्ने गरी सम्झौता भई इष्टिमेट बमोजिमको

कार्यसम्पन्न भएको देखिन्छ। यस वर्ष विनियोजित बजेटबाट फाउन्डेसन, कोलम, भुइ तल्लाको इँटाको गाह्रो र स्याल्बसम्मको मात्र कार्य भई बाँकी काम अधुरो देखिन्छ। पालिकाले पर्याप्त बजेट विनियोजन गरी उक्त योजना सम्पन्न गर्नुपर्दछ।

४९.२ Sill Lintel नघटाएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायको Brick Masonary को काममा Sill/ Lintel नघटाएको नापी किताबबाट देखिएकोले सोबापत बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

योजना	निर्माण व्यवसायी	Sill Lintel परिमाण (घ.मि.)	Brick Masonary Rate रु.	बढी भुक्तानी
गौमुखी मा. वि . भवन निर्माण (4/GRM-PYU/NCB/2081/82)	विकेजु निर्माण सेवा (भौ नं . ९ , २६ प्रदेशतर्फ)	४.४६	२२६००	१००७९६
भृकुटी मा वि भवन निर्माण	काया इन्फ्राइस्टकचर प्रा लि (संघतर्फ पुजीगत)	४.१८	१६९५०	७०८५१
	जम्मा			१७१६४७

असुल गर्नुपर्ने	१,७१,६४७

५० भुक्तानीमा कोष कट्टी

५०.१ विज्ञापन कोष

गो.भौ.नं. १ (स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ) विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उप दफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मेचिकाली मिडियालाई भुक्तानी दिएको रु.५०४०० को ३% ले हुने रु.१५१२ कट्टी गरेकोले नदेखिएकोले उक्त रकम असुल गरी बिज्ञापन बोर्डको खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५१२

५०.२ निर्माण व्यवसायी कोष कट्टी

गो.भौ.नं. विभिन्न (प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमतर्फ) निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ अनुसार निर्माण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.१ प्रतिशत रकम निर्माण व्यवसायी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमतर्फ प्रशासकिय भवन निर्माण कार्यको बिल भुक्तानी दिदाँ मल्लरानी कन्ट्रक्सन प्रा.ली. लाई बिभिन्न रनिङ् बिलबापत रु.५९६४०००० भुक्तानी दिएकोमा नियमानुसार निर्माण व्यवसायी कोष ०.१ प्रतिशत रकम कट्टी नगरेकोले उक्त रकम कट्टी गरी कोषको खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५९,६४०

५१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको देहायबमोजिम चालु आ.व. मा दिएको म्याद नाघेको पेश्की रु.२७,००,००० आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिने	चालु आ. व.२०८१/८२		गत आ. व.सम्मको	
		म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको
कार्यक्रम खर्च	जुमानसिंह जि सी				१०००००
कार्यक्रम खर्च	भ्यू प्वाइन्ट मिडिया प्रा.लि.				२५०००
अन्य सामाजिक सहायता	प्यूठान अस्पताल विकास स				३५००००
नारीकोट लिफ्ट खानेपानी योजना	एन ई ए प्यूठान डिस्ट्रिब्युशन सेन्टर		१००००००		
नारीकोट लिफ्ट खानेपानी योजना	एन ई ए प्यूठान डिस्ट्रिब्युशन सेन्टर		१६०००००		
सार्वजनिक सुनुवाई कार्यक्रम	रेडियो माण्डवी		१०००००		
तिखाचुली खोला ट्रस निर्माण	तिखाचुली खोला ट्रस निर्माण उ स				२७४६३५
दोभान खोला झो पु निर्माण उ स	दोभान खोला झो पु निर्माण उ स				३८७३३३
बाग्लिबाङ्ग झो पु निर्माण उ स	बाग्लिबाङ्ग झो पु निर्माण उ स				५२८०२६
	जम्मा		२७०००००		१६६४९९९

त्यस्तै गरी कार्यालयले आ.व.०८०।८१ सम्ममा दिएको पेश्की रु.१६,६४,९९९ यस आ.व.मा जिम्मेवारी सरेर आएकोमा यस वर्ष समेत फस्र्यौट भएको देखिएन। उक्त पेश्कीसमेत नियमानुसार फस्र्यौट हुनुपर्दछ।

पेश्की	२७,००,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गौमुखी गाउँपालिका, प्युठान , गौमुखी गाउँपालिका , प्यूठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	तुल्सीराम पौडेल	२०८०-४-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रेम बहादुर कुंवर	२०८०-०९-१२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,८३८,६५८	८,७५०,४३७	८५८,४०९	०	०	२,७००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१७,१४७,५०४
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.					४,७६२,६५८
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१२,३८४,८४६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२०३०७९४८.०४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९५४९८४६७.८२	**चालु खर्च**	३१८२१४५४७.३४
प्रदेश सरकारबाट अनुदान	२५६१७२१०.६२	**पूँजीगत खर्च**	९७०३८५९३
राजश्व बाँडफाँट	१००३११५७१.२	**वित्तीय/अन्य व्यवस्था**	२१७५८८८७९.५४
आन्तरिक आय	८३९९८४३.८४		
अन्य आय	२०३४६२९६०		
कुल आय	६३३२९००५३.४८	**कुल खर्च**	६३२८४२०१९.८८
बाँकी मौज्दात		२०७५५९८१.६४	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

गौमुखी गाउँपालिका (म.ले.प. फारम नं. २७०)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,०८,८९,७३६.६६	०	१०,०८,८९,७३६.६६	९,०४,७८,२९४.२५	०	९,०४,७८,२९४.२५
१३०००	अनुदान		३१,३७,०६,६०६.४६	०	३१,३७,०६,६०६.४६	३१,४६,०५,९४७.४८	०	३१,४६,०५,९४७.४८
१४०००	अन्य राजस्व		१,००,३४,६१४.८०	०	१,००,३४,६१४.८०	८६,७५,२०७.३७	०	८६,७५,२०७.३७
१५०००	विविध प्राप्ति		२,०३,७०८.००	०	२,०३,७०८.००	३,३५,२५८.००	०	३,३५,२५८.००
क	कुल जम्मा प्राप्ति		४२,४८,३४,६६५.९२		४२,४८,३४,६६५.९२	४१,४०,९४,७०७.१०		४१,४०,९४,७०७.१०
३	चालु		३१,८४,१२,७७६.१०	०	३१,८४,१२,७७६.१०	३२,८५,२२,४१३.१०	०	३२,८५,२२,४१३.१०
२१०००	पारिश्रमिक / सुविधा		६,२५,४९,९५९.६०	०	६,२५,४९,९५९.६०	२१,०९,१५,००१.१०	०	२१,०९,१५,००१.१०
२२०००	मालसामान तथा सेवाको उपयोग		६,२८,९५,२५४.०४	०	६,२८,९५,२५४.०४	१०,७५,६४,६२०.००	०	१०,७५,६४,६२०.००
२५०००	सहायता (Subsidy)		३,४०,५६२.००	०	३,४०,५६२.००	६,४४,२३९.००	०	६,४४,२३९.००
२६०००	अनुदान		१९,०४,९५,४७२.४६	०	१९,०४,९५,४७२.४६	०	०	०
२७०००	सामाजिक सुरक्षा		२१,३१,५२८.००	०	२१,३१,५२८.००	८२,५७,५०३.००	०	८२,५७,५०३.००
२८०००	अन्य खर्च		०	०	०	११,४१,०५०.००	०	११,४१,०५०.००
४	पूंजीगत		१०,२६,७८,४३९.००	०	१०,२६,७८,४३९.००	८,९९,२८,४६०.००	०	८,९९,२८,४६०.००
३१११०	भवन तथा संरचना		५,५८,९०,७८७.००	०	५,५८,९०,७८७.००	१,०२,७७,०३०.००	०	१,०२,७७,०३०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१४,५८,०७२.००	०	१४,५८,०७२.००	७७,९४,३०५.००	०	७७,९४,३०५.००
३११३०	अन्य पूँजीगत		१४,२५,४११.००	०	१४,२५,४११.००	२०,६९,४७६.००	०	२०,६९,४७६.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		४,०३,५०,३५३.००	०	४,०३,५०,३५३.००	६,९६,८८,३५७.००	०	६,९६,८८,३५७.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		३५,५३,८१६.००	०	३५,५३,८१६.००	९९,२९२.००	०	९९,२९२.००
ख)	कुल जम्मा भुक्तानी		४२,१०,९१,२१५.१०		४२,१०,९१,२१५.१०	४१,८४,५०,८७३.१०		४१,८४,५०,८७३.१०
ग)	बचत /कमी (ग = क-ख)		३७,४३,४५०.८२		३७,४३,४५०.८२	(४३,५६,१६६.००)		(४३,५६,१६६.००)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४५,४३,९७१.००		४५,४३,९७१.००	१४,८३,११९.५०		१४,८३,११९.५०
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-७८,८७२.००		-७८,८७२.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		८२,८७,४२१.८२		८२,८७,४२१.८२	(२८,७३,०४६.५०)		(२८,७३,०४६.५०)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१,२४,६८,५५९.८२		१,२४,६८,५५९.८२	१,५३,४१,६०६.३२		१,५३,४१,६०६.३२
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२,०७,५५,९८१.६४		२,०७,५५,९८१.६४	१,२४,६८,५५९.८२		१,२४,६८,५५९.८२

सुझाव

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नभएको तथा आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।